# बुलेटिन २ -(अगस्त २०१०)

प्रा. डायन रिचार्डसन, अनुसन्धानकर्ता, न्युकासल विश्वविद्यालय यु.के.

प्रा. निना लोरि, अनुसन्धानकर्ता, न्युकासल विश्वविद्यालय यु.के.

डा.जेनेट टाउसेण्ड, अनुसन्धानकर्ता, न्युकासल विश्वविद्यालय यु.के.

डा.मीना पौडेल, अनुसन्धानकर्ता, न्युकासल विश्वविद्यालय यु.के. र सल्लाहाकार, आई. ओ. एम.), नेपाल नियोग

आर्थिक तथा सामाजिक अनुसन्धान परिषद (ई.एस.आर.सि) को आर्थिक सहयोगमा संचालित यस परियोजना नोभेम्वर २००९ देखि अक्टोवर २०११ सम्म संचालित गरिनेछ । यसमा न्युकासल विश्वविद्यालय यु.के., नेपाली गैसस शक्ति समूह नेपाल र अन्तराष्ट्रिय आप्रवासि नेपाल नियोग (आई. ओ. एम.) को साफ्रेदारिता रहेको छ । यस परियोजनाले वेचविखनमा परि फर्किएका नेपाली महिलाहरुको आयआर्जन सम्बन्धि अवस्था उजागर गर्ने उद्देश्य लिएको छ । वेचविखन वाट फर्केपछिको जिविकोपार्जनको अवस्था सम्बन्धि हालसम्म ज्यादै कम मात्र अनुसन्धान गरिएको छ र वेचविखनको समस्याले उठाएका सवालहरु विकासका एजेण्डा भित्र समावेस प्राय गरिएका छैनन् । यस अनुसन्धान परियोजनाको प्रमुख उद्देश्य वेचविखनवाट फर्किएका नेपाली महिलाहरुको वास्तविक अनुभवक सँगै गाँसिएका खासगरि जिविको पार्जन र सामाजिक बहिष्कार सम्बन्धि प्राज्ञिक ज्ञान प्राप्त गर्नु रहेको छ । हामी वेचविखनमा परि फर्किएका नेपाली महिलाहरुको जिविकोपार्जन, उनिहरुको यौनकिता तथा नागरिकता सित यसले के कस्तो अर्न्तसम्बन्ध राख्दछ भन्ने कुराप्रति बढि चासो राख्छौं ।

## प्रारम्भिक निष्कर्ष

धेरै जस्तो वेचविखनमा परि फर्किएका महिलाहरु जसले विबाहलाई सामाजिक बहिष्कार र वेचिएको परिचय ढाकछोप गर्ने र जिविकोपार्जनको रणनितिको रुपमा रोजेको पाईएको छ । यसवाट के कुरा प्रष्ट हुन्छ भने यी महिलाहरु सामाजिक बहिष्कारवाट सृजित संभावित जटिलतालाई टार्न आफ्नो परिचय गोप्य राख्नु महत्वपूर्ण ठान्दछन् । फलतः यी महिलाहरुले भोग्नु परेको सामाजिक बहिष्कार जस्ता समस्याले स्थानीय श्रम बजारमा उनीहरुको सम्भावित पहुँचमा गम्भिर असर पनि पारेको पाईएको छ । नेपाली गैससहरुले सिपमूलक तालिम प्रदान गर्नमा महत्वपूर्ण भूमिका खेलेका छन् जसमध्ये केहिले सिलाई बुनाई, खाना पकाउने जस्ता परम्परागत रुपमा महिलाद्धारा गरि आएका काममा केन्द्रित देखिन्छन् । अहिले सम्म लिईएको अर्न्तवार्ताले के देखउँछ भने यस्ता खालका परम्परागत कामहरुवाट दीर्घकालिन रुपमा जिविका चलाउनको लागि आवश्यक पर्ने आम्दानि पनि प्राप्त हुन नसकेको पाईन्छ भने केही गैससहरुले आफ्नै व्यवसाय संञ्चालन गर्न चाहने महिलाहरुलाई व्यवसाय शुरु गर्नसक्ने थोरै रकम समेत उपलब्ध गराएको पाईएको छ । त्यस्ता व्यवसाय अर्न्तगत महिलाहरुले परमपरागत रुपमा नगरेका पेशाहरु जस्तै टेम्पो चलाउने लगायत प्लम्वर र विजुलि सम्बन्धि प्राविधिक कार्यहरु पर्दछन् । यस्ता व्यवसाय र तालिमहरु बढि प्रभावकारि देखिन्छन् किनकि महिलाहरुले भोग्न परेकासामाजिक बहिष्कारका समस्या समाधानमा उपयोगि भएको पाईएका छन् । त्यसोतः प्लम्वर र विजुलि सम्बन्धि काम गर्नको लागि ठूलाठूला निर्माण स्थल र अपरिचित व्यक्तिहरुको घर-घरमा जानुपर्ने परिस्थितिले गर्दा आत्म विश्वास त बढेको पाईन्छ तर वैयक्तिक सुरक्षाका विषयहरु, जुन सामान्यतया वेचविखनमा परि फर्किएका महिलाहरुले तालिम पश्चात काम खोज्ने सिलसिलामा, उठ्ने महत्वपूर्ण सवालहरु हुन् ।

## स्थलगत कार्य

पहिलो चरणको स्थलगत कार्य फेब्रुअरि, २०१० मा शुरु भयो र जुन नेपालको तात्कालिन राजनितिक परिस्थितिवाट प्रभावित भयो । फलस्वरुप आर्थिक तथा सामाजिक अनुसन्धान परिषद (ई.एस.आर.सि) ले यस परियोजनाको अवधीमा छ महिना थप समय प्रदान गऱ्यो । हालको मिति सम्म, वेचविखनमा परि फर्किएका ४५जना नेपाली महिलाहरु सँगको अर्न्तवार्ता लिने अनुसन्धानको योजना मध्ये परिक्षण अर्न्तवार्ता लगायत र ११ जना त्यस्ता महिलाहरु सँगको अर्न्तवार्ता नेपालमा सम्पन्न भैसकेका छ । ग्रामिण क्षेत्रमा स्थलगत कार्य वर्षा ऋतु पश्चात अर्थात अक्टोवर २०१० वाट शुरु गर्ने योजना तय भएको छ । जस अर्न्तगत छनौंटमा परेका तीनवटा ग्रामिण क्षेत्रहरु (एउटा सुदूर पश्चिमवाट कैलालि, र दुई वटा मध्यमाञ्चल विकास क्षेत्रवाट मकवानपुर र सिन्धुपाल्चोक) गरिबीको सूचाङ्कमा निम्न श्रेणिमा पर्छन भने वेचविखनका सवालमा महत्वपूर्ण स्थान राख्दछन् । ती स्थानहरु विविध भाषा भाषि बोल्ने, फरक-फरक धर्म सँस्कृति मान्ने विविध जात/जातीय समूहहरुद्धारा बसोबास गरिएका क्षेत्र मध्ये पनि पर्दछन् । ती समूहका मानिसहरु विविध सामाजिक-साँस्कृतिक चालचलनवाट श्रृजित विभिन्न खाले सामाजिक तथा साँस्कृतिक विभेदवाट प्रभावित छन्, जसले वेचविखनमा अझ थप प्रश्रय प्रदान दिन्छ । अनुसन्धान छनौंटमा परेका प्रत्येक क्षेत्रले वेचविखनमा कि त भारत बाहिरिने मार्ग या त नेपाल प्रवेश गर्ने मार्गको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन ।

## आगामि प्रकाशनहरु :

- लोरि, एन., एम.पौडेल, डि.रिर्चाडसन र जे.टाउसेन्ड (२०१०) *नेपालमा महिला वेचविखन, गरिबी, सिमान्तिकरण र नागरिकता* । अन्तराष्ट्रिय सम्मेलनको कार्यगत पेपर *"दश वर्षे 'गरिबी विरुद्धको युद्ध': सन् २००० पछि के सिक्यौं र हामिले सन् २०१० - २०२० मा के गर्नु पर्ला ?"* । मानचेस्टर विश्वविद्यालय, ८-१० सेप्टेम्वर, २०१०
- रिचार्डसन, डी. 'यौनिकता' समाजसाश्त्रको विशेष अङ्कमा अतिथि सम्पादक, अक्टोवर २०१०

## हामी २०१० शरद कालिन अवधिमा हामी निम्न सम्मेलनमा सहभागि हुने छौ :

- भूगोल विभाग, विश्वविद्यालय कलेज लण्डन, नारीवादी अनुसन्धान गोष्ठि, अक्टोवर ५, २०१०
- 'मानव भूगोल विषयक अनुसन्धान गोष्ठि' , भूगोल तथा भू विज्ञान संस्थान, अबेर्सट्वथ विश्वविद्यालय । ४ नोभेम्वर, २०१०
- २०१० शरदकालिन समयमा प्राध्यापक रिचार्डसन न्यूयोर्क स्थित कोलम्बिया विश्वविद्यालयमा जानुहुनेछ जहाँ रिचार्डसनले प्राज्ञिक दर्शक समूहवीचमा परियोजना प्रस्तुत गर्नुहुनेछ ।

## हामीले सन् २०१० मा हालको अवधिसम्म निम्न विषयमा योगदान पुऱ्याएका छौं:

- गैसस तालिम : शक्ति समूहको व्रतमान कार्यकारी समिति सदस्यहरुले परियोजना मार्फत प्रदान गरिएको अनुसन्धान सम्बन्धि तालिम लिईराखेका छन् । यसले प्रभाव लगत्तै परेको तथ्य, एक तालिम सहभागिको शब्द *'अव हाम्रा कथा व्यथा लिन आउने अनुसन्धानकर्ताहरु/सञ्चारकर्मि अर्न्तवार्ताकारहरु तथा विदेशि अनुसन्धानकर्ताहरुलाई के सोध्नु पर्छ भन्ने हामीले थाहा पायौं'* वाट स्पष्ट हुन्छ । यो शक्ति समूहलाई भविष्यमा उनिहरु आफैं महिला वेचविखन सम्बन्धि अनुसन्धानको कार्य गर्न सक्षम बनाउने दिर्घकालीन उद्देश्यको एक अंश हो ।

- सरकारी अधिकारीहरुको वेचविखन सम्बन्धि क्षमता अभिवृद्धि : नेपाल सरकारका उच्च तहका अधिकारीहरु (जस्तै : महिला, श्रम, विदेश मामला, गृह, कानून मन्त्रालयका अधिकारिहरु , अध्यागमन निर्देशक, वैदेसिक रोजगार विभागका निर्देशक, महिला विकास अधिकृतहरु ) लाई लक्षित गर्दै आप्रबासन व्यवस्थापन तालिम कोर्षमा वेचविखनलाई समावेस गर्दै कार्यपत्र प्रस्तुत गरियो ।
- नेपालमा वेचविखन विरुद्ध काम गर्ने एक गैसस लाई अभिमुखिकरण : वेचविखन सम्बन्धि अवधारणागत ( विशेषत वेचविखन र श्रम गर्नको लागि विदेसिनु के-केमा सम्बन्धि छन् र के-केमा छैनन्) स्पष्टता पार्दै र नेपालको वेचविखन सम्बन्धि कानुनलाई संयुक्त राष्ट्र संघ वेचविखनको ऐच्छिक आलेखसँग हार्मोनाइज गर्नु पर्ने आवश्यकता माथि जोड दिनु पर्ने कुरामा पैरवी गरियो ।

अन्य जानकारीको लागि हाम्रो वेभसाइट हेर्नुहोस् : www.posttraffickingnepal.co.uk,
वा निम्न ठेगानामा पत्राचार गर्नुहोस् :

Nina.Laurie@ncl.ac.uk
Meena.Poudel@ncl.ac.uk/ mpoudel@iom.int
Diane.Richardson@ncl.ac.uk
Janet.Townsend@ncl.ac.uk